नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाडौं ।

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर काठमाण्डौको पूनः १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८०/०८/२९ गते**

सहकारी ऐन, २०७४ को दफा १०४ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट मिति २०७६/४/१२ मा लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, कमलाक्षीलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्ने जिम्मा सोही ऐनको दफा १०५ अनुसार गठित यस संस्थाका ऋणी सदस्य एवं सञ्चालकहरुबाट संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जना, जरिवाना तिर्न बुझाउनको लागि सहकारी नियमावली, २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (१) को देहाय (क) र (घ) बमोजिम पत्राचार गर्दा, पत्रपत्रिकामा सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले ऋणीहरुको नाममा रहेको यस समितिबाट रोक्का राखिएका तपसिल बमोजिमका जग्गाहरु सहकारी नियमावली, २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (२) को खण्ड (ख) बमोजिम चलन चल्तीको मूल्य कायम गरी सोही नियम बमोजिमको राष्ट्रियस्तरको पत्रिकामा लेना रकम असूलीको लागि तपसिल बमोजिमको शर्त अधिनमा रही ३५ (पैतिस) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएकोमा उक्त अवधीमा कुनै पनि बोलपत्रहरु पेश हुन नआएकोले पूनः १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :**

| सि. नं. | नाम थर | ठेगाना | पद | जग्गाको विवरण | | | ठेगाना | प्रतिरोपनी/ प्रतिआना | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं. | किता नं. | क्षेत्रफल | | | |
| १. | मिन कृष्ण श्रेष्ठ | घुम्थाङ्ग गा.वि.स.-४, सिन्धुपाल्चोक हाल बाह्रविसे न.पा.-७, सिन्धुपाल्चोक | निलम्वित अध्यक्ष | ६ | १८१ | ४-५-३-० | घुम्थाङ्ग गा.वि.स-६ हाल बाह्रविसे न.पा.-७, सिन्धुपाल्चोक | ३ लाख (प्रति रोपनी) | १३,५९,०००।- |
| | | | | ६ | ५८ | २-६-०-१ | | | ७,८०,०००।- |
| २. | राजेश रत्न शाक्य | | निलम्वित सदस्य/ ऋणी सदस्य | ४क | १३४२ | ०-०-१०-० | साविक मृगौलिया वार्ड नं.-४क हाल सुन्दर हरैंचा न.पा.-०२, मोरङ्ग | ७ लाख (दश धुरको एक मुष्ठ) | ७,००,०००।- |
| ३. | वलराम भूजेल | साविक चित्तपोल -२, भक्तपुर | ऋणी सदस्य | ८ | १६९ | १-०-०-० | साविक पिडा गा.वि.स.-८, हाल गजुरी न.पा-४, धादिङ्ग | १०,८०,०००।- (प्रतिरोपनी) | १०,८०,०००।- |
| ४. | वलराम भूजेल | साविक चित्तपोल -२, भक्तपुर | ऋणी सदस्य | ३ग | ९३७ | ०-४-०-० | दुवाकोट गा.वि.स-३ग हाल चाँगुनारायण न.पा.२, भक्तपुर | १५,००,०००।- (प्रतिआना) | ६०,००,०००।- |
| ५. | सरोज कार्की | हेटौंडा उ.न.पा. २४ | ऋणी सदस्य | ९क | ३२२ | ०-२-१४-५ | साविक चैनपुर गा.वि.स. -२ हाल खैरहनी न.पा.-४, चितवन | १०,००,०००।- (प्रतिकठ्ठा) | २७,१२,५००।- |
| ६. | सरोज कार्की | | | ४ख | ८५२ | ०-३-७-० | साविक चैनपुर गा.वि.स.-४ख हाल खैरहनी न.पा. ३, चितवन | २०,००,०००।- (प्रतिकठ्ठा) | ६७,००,०००।- |

**(ख) शर्तहरु:**

१. माथि उल्लिखित जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ ।

२. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु.२,०००।- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अपरान्ह १:०० सम्म बोलपत्र पेश गरिसक्नु पर्नेछ । यसरी पेश भएका बोलपत्रहरु सोही दिन १:३० बजे यसै समितिको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ ।

४. शिलबन्दी बोलपत्र फाराममा आफूले बोलकवोल गरेको रकम केरमेट नगरी अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्र दाखिल गरे पछि त्यसमा कुनै किसिमको हेरफेर गर्न पाइने छैन र बोलपत्र शर्तरहित हुनुपर्नेछ ।

५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु बोलपत्रसाथ पेश गर्नु पर्नेछ । बोलपत्र फाराम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ ।

६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अंकको १० (दश) प्रतिशत रकम कृषि विकास बैंक, पुतलीसडकमा रहेको यस समितिको बैंक खाता सहकारी व्यवस्थापन समिति लुनिभा, खाता नं. ०२०९९०१५०६०१३०१६ मा जम्मा गरी सो को सक्कलै भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ । यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

९. बोलपत्र पेश गर्दा प्रत्येक कित्ताको छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।

१०. बोलपत्रको बाहिर खाममा कुन कित्ताको लागि बोलपत्र पेश गरेको हो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

११. बोलपत्र प्रत्येक कित्ताको छुट्टाछुट्टै दर्ता गरी सोहि अनुसार खोलिनेछ ।

१२. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अंकित भएको वा शर्तहरु राखी पेश भएका बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।

१३. समितिले बोलपत्र खोलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बोलपत्र उपर निर्णय गर्ने छ । उक्त समयभित्र बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन बोलपत्रदाता स्वयं लिखित पत्र सहित समितिमा उपस्थित हुनु पर्नेछ र सो को जानकारी समितिले लिखित रुपमा बोलपत्रदातालाई दिनेछ ।

१४. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अंकको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो जग्गा/सम्पत्तिको दाखिल खारेज पत्र लिई सक्नु पर्नेछ, अन्यथा धरौटी वापत जम्मा गरेको रकम स्वतः जफत हुनेछ ।

१५. लिलामीको समयमा सञ्चालक, ऋणी, ऋण रकम चुक्ता गर्न आएमा जुन सुकै समयमा उक्त सञ्चालक वा ऋणीको लिलामी प्रक्रिया स्थगित हुनेछ ।

१६. सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षणका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नातेदारले बोलपत्रमा भाग लिन पाउने छैनन् ।

१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिमा सुरक्षित रहनेछ ।

१८. जग्गा/सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण दै-दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ ।

१९. बोलपत्र स्वीकृत नभएमा सो को जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित बोलपत्रदाताले धरौटी वापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ ।

२०. लिलाम बिक्री हुने जग्गा/सम्पत्तिको विस्तृत जानकारीको लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगरमा सम्पर्क राख्न सकिनेछ ।

२१. यो सूचना यस समितिको Website www.coopmc.gov.np मा हेर्न सकिनेछ ।